# गेरुवा गाउँपालिका
# २०७४

**१८ भाद्र, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल भाद्र १८ गतेका दिन गेरुवा गाउँपालिकाको बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

श्री ठाकुरप्रसाद चौधरी
श्री राजकुमार पौडेल
श्री दिपेन्द्र कुमार वि.सी.
श्री भूमिराज घिमिरे
श्री भागीराम चौधरी

**प्रस्तावहरु**

१ **सार्वजनिक खरिद योजना/ बार्षिक/आवधिक कार्यविधि स्वीकृत गराई कार्य शुरु गर्ने सम्बन्धमा**
२ **बिभिन्न समितिहरु गठन गर्ने सम्बन्धमा**
३ **गाउँपालिका र वडा कार्यालयहरुमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा**

४ **टेलिफोन लाईन र ईन्टरनेट जडान गर्ने सम्बन्धमा**

५ **बिबिध**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँ पालिकाको गाउँसभाबाट नीति तथा कार्यक्रम र आबश्यक ऐन/नियमहरु स्वीकृत भएकोले सो अनुसार कार्यान्वयनका लागि देहाय वमोजिमका समितिहरु गठन गर्ने र ति समितिहरुले एक हप्ता भित्र सार्वजनिक खरिद योजना/बािर्षक/आवधिक कार्यविधि निर्माण गरी गेरुवा गाउँ कार्यपालिकाबाट स्वीकृत गराई निर्दिष्ट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**कार्यविधि निर्माण समितिहरु :**

(क) **सार्वजनिक खरिद समितिः सार्वजनिक खरिद नियमावली, २०६४ को आधारमा बार्षिक सार्वजनिक खरिद योजना बनाई स्वीकृतार्थ पेश गर्नु पर्ने छ ।**

| | |
|---|---|
| **(१) वडा कार्यालय** | **(१) वडा सचिव** |
| | **(२) लेखा/सहायक कर्मचारी** |
| | **(३) प्राविधिक** |
| **(२) बिषयगत कार्यालय** | **(१) संयोजक** |
| | **(२) लेखा/सहायक कर्मचारी** |
| | **(३) प्राविधिक** |
| **(३) गाउँपालिका** | **(१) योजना अधिकृत -** |
| | **(२) प्राविधिक** |
| | **(३) लेखापाल** |
| | **(४) स्टोर किपर** |

(ख) **बार्षिक/आवधिक कार्यविधि निर्माण समिति :-**

**हरेक वडाका हरेक योजनाहरु शुरु गर्नु अगाडी देहाय वमोजिमको समितिले बार्षिक/आवधिक कार्यविधि निर्माण गरी स्वीकृतार्थ पेश गर्नु पर्ने छ ।**

**(१) वडाध्यक्ष**

**(२) प्राविधिक**

**(३) वडा सचिव**

**(४) क्लष्टर सदस्य**

**योजना सञ्चालनार्थ समिति गठन गर्दा वडाध्यक्षको आतिथ्यमा सम्बन्धित क्लष्टर वडासदस्यको संयोजकत्वमा भेला आयोजना गरी सो भेलाले उपभोक्ता समिति गठन गर्ने र सो समितिमा क्लष्टर सदस्य पदेन सदस्य रहने**

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भएको नीति तथा कार्यक्रम सफल बनाउन आबश्यक पर्ने देहाय वमोजिमका समितिहरु गठन गरी कार्य शुरु गर्ने निर्णय गरियो ।

**तपशिल :**

१ गेरुवा गाउँपालिकाको सरकारी/सार्जजनिक जग्गा/सम्पत्ति खोज तलास एवं शंकलन समिति, २०७४

२ गेरुवा नदीले कटान गरेको जग्गा खोजतलास तथा क्षेतिपूर्ति सिफारीश समिति, २०७४

३ गेरुवा गाउँपालकाको गाउँ अभिलेख ( **Village Profile** ) निर्माण समिति, २०७४

४ गेरुवा गाउँपालिकाको राजश्व र पर्यटन सम्भाव्यता अध्ययन/अन्वेषण समिति, २०७४

५ गेरुवा गाउँपालिका क्षेत्र भित्र रहेको अस्थायी तथा अव्यवस्थित वसोवासको अभिलेख संकलन तथा व्यवस्थापन समिति, २०७४

६ गेरुवा गाउँपाकि भित्र रहेका सडकहरुको विवरण संकलन, अभिलेख र सडकमापदण्ड निर्माण समिति, २०७४

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको लागि नेपाल सरकार र गाउँ सभाबाट निर्देशित दरवन्दी वमोजिम गेरुवा गाउँपालिका र वडा कार्यालयहरुबाट सुशासन प्रदान गर्न कार्यकारी अधिकृतको संयोजकत्वमा ३ सदस्यीय कर्मचारी व्यवस्थापन समिति गठन गर्ने सो समितिको प्रतिवेदन र प्रस्तावीत दरवन्दी विवरणलाई आधार वनाई कर्मचारी व्यवस्थापन गरी तत्काल कार्यसम्पादन र सुशासन प्रदान गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथी छलफल गर्दा हरेक गाउँ/गाउँमा वाईफाई तथा प्रविधिमय सुशासन प्रवाह गर्ने नेपाल सरकारको नीति वमोजिम गेरुवा गाउँपालिकालाई समेत सञ्चार प्रविधियुक्त वनाउन र प्रविधिमय सुशासन प्रदान गर्ने नीति अवलम्बन गरिएको तर हाल सम्म यस गेरुवा गाउँपालिकामा टेलिफोन लाईन र ईन्टरनेट सेवा जडान नभएकोले नेपाल टेलिकमको पशुपतिनगर टावर र शान्तीबजार टावरको प्रविधिलाई स्तरोन्नति गरि र सवै वडाहरुमा अविलम्ब टेलिफोन लाईन र ईन्टरनेट सेवा जडान गरि दिने व्यवस्था हुन नेपाल सरकार, सञ्चार मन्त्रालय तथा नेपाल दूरसञ्चार संस्थान/नेपाल टेलिकममा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

**विविध** सम्बन्धमा छलफल गर्दा यस गाउँ पालिकाको अर्को नियमित बोर्ड बैठक मिति २०७४/६/७ गते दिनको २.०० बजे बस्ने निर्णय गरियो ।